# ने.ई.ए बागमती नवप्रवर्तन पुरस्कार २०७७
# NEA BAGMATI INNOVATION AWARD 2077
## को लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

इन्जिनियरिङ क्षेत्रको व्यवहारिक ज्ञानसँगै नविनतम सोचलाई प्रोत्साहन गर्दै मूलतः प्रविधि विकास र तथ्यमा आधारित नीति निर्माण गर्न एवम् कार्यमूलक अनुसन्धान मार्फत् समाजमा विद्यमान समस्याहरुको पहिचान गर्न सघाउ पुऱ्याउने उद्देश्यका साथ नविनतम सोच, अनुभव तथा विशेषज्ञता भएका क्षमतावान ईन्जिनियर तथा आर्किटेक्टहरुलाई **ने.ई.ए बागमती नवप्रवर्तन पुरस्कार कार्यक्रम २०७७** का लागि रीतपूर्वक अवधारणा पत्र तथा अनुसन्धान प्रस्ताव यस सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र पेश गर्न नेपाल ईन्जिनियर्स एशोसिएसन बागमती प्रदेश आव्हान गर्दछ ।

समग्र विश्व नै कोभिड-१९ विरुद्धको अभियानमा होमिएको अवस्थामा यसले ल्याएका समस्याको प्रतिरोधका लागि आवश्यक पर्ने प्रविधि विकास गर्न वा विद्यमान प्रविधिहरुलाई सुधार गर्दै नविनतम प्रविधि विकास गर्न कुल ४ वटा प्रस्तावलाई पुरस्कृत गरिने छ जसमा प्रति प्रस्ताव अधिकतम रु १,००,०००/- (एक लाख रुपैया सम्म मात्र) सम्म **पुरस्कार** प्रदान गरिनेछ । साथै यसको उपयोगिता, यथाशिघ्र सम्पन्न हुन सक्ने अवस्था र यस महामारीका विरुद्ध लड्न अत्यावश्यक प्रविधि विकासलाई विशेष प्राथमिकता दिइनेछ ।

**क्षेत्रहरु :**

१. बायोमेडिकल ईन्जिनियरिङ,

२. कृषि ईन्जिनियरिङ, प्रविधि तथा यान्त्रिकीकरण, खाद्य सुरक्षा तथा आजीविका

३. आईसीटी, आर्टिफिसियल इन्टीलीजेन्स (AI), सूचना प्रविधि, डिजिटलाइजेशन, ईलेक्ट्रिकल, इलेक्ट्रोनिक्स तथा संचार ईन्जिनियरिङ

४. WASH, दीगो पूर्वाधार, विपद पूर्वतयारी प्रविधि ।

विस्तृत विवरण एशोसिएसनको वेबसाइट bagmati.neanepal.org.np बाट प्राप्त गर्न सकिनेछ ।

**नेपाल ईन्जिनियर्स एशोसिएसन बागमती प्रदेश,**

**सम्पर्क नं ९८५१२२९२८९, ९८५६०७७५६०, ९८५११२१९८३**

**ईमेल : bagmati@neanepal.org.np**

## १. योग्यता/मापदण्ड

**१.१.राष्ट्रियता :** आवेदक नेपाली नागरिक हुनुपर्नेछ ।

**१.२.शैक्षिक योग्यता तथा न्यूनतम अनुभव :** आवेदक आर्किटेक्चर/ईन्जिनियरिङ समुदायबाट स्नातक उत्तिर्ण भएको हुनु पर्नेछ । प्रोत्साहनका लागि ईन्जिनियरिङ चौथो वर्षमा अध्ययन गर्दै गरेका विद्यार्थीहरुको अनुरोधलाई समेत स्वागत गरिनेछ र सोको लागि आफू अध्ययनरत शिक्षण संस्थाबाट प्रमाणित हुने कागजात आबेदनसाथ पेश गर्नु पर्ने छ ।

**१.३ अध्ययनको भाषा :** आवेदक नेपाली वा अंग्रेजी भाषामा पोख्त हुनुपर्नेछ । अध्ययनको निष्कर्षहरू (प्रस्तुति, प्रतिवेदन, लेखहरू) नेपाली वा अंग्रेजी भाषामा तयार गर्नुपर्नेछ ।

**१.४ उमेर :** यस कार्यक्रमको लागि उमेरको हद निर्धारण गरिएको छैन ।

## २. अनुसन्धानका प्रमुख बिषयहरूः

देहायका बिषय वा सोसंग सम्वन्धित बिषयहरूमा प्रस्तुत प्रस्तावलाई प्राथमिकता दिइनेछ :

क. बायोमेडिकल ईन्जिनियरिङ

ख. कृषि ईन्जिनियरिङ, खाद्य सुरक्षा तथा आजिविका

ग. आईसीटी, आर्टिफिसियल इन्टीलीजेन्स (AI), डिजिटलाइजेशन, ईलेक्ट्रिकल, इलेक्ट्रोनिक्स तथा संचार ईन्जिनियरिङ

घ. WASH, दीगो पूर्वाधार, विपद पूर्वतयारी,

## ३. अनुसन्धान प्रस्तावको ढाँचा

३.१. अनुसन्धान प्रस्ताव नेपाली वा अङ्ग्रेजी भाषामा बुझाउन सकिनेछ ।

३.२. अवधारणा पत्र र अनुसन्धान प्रस्ताव पेश गर्नुपर्नेछ । अवधारणा पत्र २ पृष्ठ को हुनुपर्नेछ र अनुसन्धान प्रस्ताव शीर्षक पृष्ठ सहित १५ पृष्ठ भन्दा बढी हुनुहुँदैन । अंग्रेजी भाषामा लेखिएको प्रस्ताव 12 points, Times New Roman font, single line spacing र नेपाली भाषामा लेखिएको प्रस्ताव 16 points, Preeti font, single line spacing हुनुपर्नेछ ।

३.३. अनुसन्धान प्रस्ताव स्पष्ट र पूर्ण हुनका निमित्त उल्लेखित बुदांहरु हुनुपर्नेछ :

क. शीर्षक

ख. अनुसन्धानको पृष्ठभूमि

ग. अनुसन्धान/समस्या/कथन/प्रश्न

घ. अनुसन्धानको उद्देश्य
ङ. अनुसन्धानको तर्क
च. साहित्य समीक्षा
छ. अनुसन्धान विधि
ज. क्षेत्र र सीमितता
झ. अपेक्षित परिणामहरु र सम्भावित प्रभाव
ञ. समयरेखा
ट. सन्दर्भ सामाग्रीको सूची

## ४. आवेदन बुझाउने विधि

४.१ आवेदन नेपाल ईन्जिनियर्स एशोसिएसन बागमती प्रदेशको ईमेल (bagmati@neanepal.org.np, neabagmati@gmail.com) ठेगानामा तोकिएको मिति भित्र पठाउनु पर्नेछ ।

४.२ आवेदनमा देहायका कागजात संलग्न गर्नुपर्नेछ :

क. आवेदनमा **अवधारणा पत्र** र **अनुसन्धान प्रस्ताव** पेश गर्नुपर्नेछ । अनुसन्धान प्रस्ताव तोकिएको ढाँचामा तयार पार्नुपर्नेछ ।

ख. ईन्जिनियर्स एशोसिएसनमा दर्ता भएको परिचय पत्र (आइ.डी कार्ड) को प्रतिलिपि

ग. ईन्जिनियरिङ चौथो वर्ष अध्ययनरत विद्यार्थीहरुको हकमा भने सम्बन्धित क्याम्पस/कलेजको परिचय पत्र (आइडेन्टीटी कार्ड) को प्रतिलिपि

४.३. म्याद सकिए पश्चात् आउने आवेदनहरू स्वीकार गरिने छैन ।

## ५. अनुसन्धानकर्ताहरूले पालना गर्नुपर्ने शर्तहरु

५.१. कार्यक्रममा छनौट भएका अनुसन्धानकर्तालाई एशोसिएसनले अनुसन्धान कार्यको लागि कार्यालयमा कार्यस्थल उपलब्ध गराउन बाध्य हुनेछैन ।

५.२. अनुसन्धानकर्ताहरूले नियमित रुपमा एशोसिएसनसँग समन्वय गरी कामको अद्यावधिक जानकारी पेश गर्नुपर्नेछ ।

५.३. अनुसन्धानकर्ताले कार्यक्रम अवधिभर एशोसिएसनद्धारा गठित मूल्यांकन तथा समीक्षा समिति समक्ष ३ देखि ४ वटा प्रस्तुति गर्नुपर्ने हुन्छ ।

५.४. अनुसन्धानकर्ताले सम्झौतामा हस्ताक्षर भएको मितिले ४ महिनाभित्रमा कार्य सम्पन्न गर्नुपर्नेछ । सो समयमा सम्पन्न हुन नसकेमा पुरस्कार रकम जफत गर्न सकिनेछ ।

५.५. अनुसन्धानकर्ताले शर्त पालना गरे नगरेको सम्बन्धमा मूल्यांकन तथा समीक्षा उपसमितिले गरेको निर्णय अन्तिम हुनेछ ।

## ६. अनुसन्धानकर्ताहरूले प्राप्त गर्ने सुविधा

६.१. अनुसन्धान विषयका आधारमा अनुसन्धानकर्ताले नवप्रवर्तन पुरस्कार स्वरुप अधिकतम रु. १००,००० (एक लाख मात्र) रकम प्राप्त गर्नेछन् । अनुसन्धानकर्ताले पाउने अधिकतम रकमको निर्धारण गर्ने अधिकार मूल्यांकन तथा समीक्षा उपसमितिलाई हुनेछ । अनुसन्धानकर्ताले पाउने रकमको जानकारी अनुसन्धानकर्तालाई सम्झौतापूर्व दिइनेछ ।

६.२. ईनोभेसन अवार्ड रकम तल तालिकामा उल्लेख भए अनुसार चार किस्तामा भुक्तानी गरिनेछ । भुक्तानीको स्वीकृति गर्ने अधिकार मूल्यांकन तथा समीक्षा समितिलाई हुनेछ ।

| बिवरण | कुल समय | भुक्तानी प्रतिशत |
|---|---|---|
| अनुसन्धान प्रस्तावको प्रस्तुतिकरण र स्वीकृति पश्चात | ७ दिन | ३०% |
| मध्यावधि प्रस्तुतिकरण र मध्यावधि प्रतिवेदन पेश गरे पश्चात | ६० दिन | २०% |
| पूर्व अन्तिम प्रस्तुतिकरण र मस्यौदा प्रतिवेदन पेश गरे पश्चात | १०० दिन | २०% |
| समितिले आयोजना गर्ने कार्यशालामा अन्तिम प्रस्तुतिकरण र अन्तिम प्रतिवेदन पेश गरे पश्चात | १२० दिन | ३०% |

६.३. कुनै कारणवश भुक्तानीमा ढिलाई हुन गएमा पनि कार्यक्रमको अवधिमा परिवर्तन हुने छैन ।

## ७. मूल्यांकन र समीक्षा प्रक्रिया

७.१ नवप्रवर्तन पुरस्कार छनौट समितिले आवश्यकता महसुस गरेमा प्रस्तावहरूको मूल्यांकन गर्नका लागि ज्यूरी/मूल्यांकन तथा समीक्षा उपसमिति उपसमिति गठन गर्न र वाहच विज्ञहरूको सहयोग लिन सक्नेछ र मूल्यांकन २ चरणमा गरिने छ । पहिलो चरणमा अवधारणापत्रको मूल्यांकन गरिने छ र सोबाट उत्कृष्ट भई छोटो सूचीमा पर्न सफल अवधारणापत्रहरुमात्र बिस्तृत परियोजना प्रस्तावको मूल्यांकनमा समावेश हुनेछन् ।

७.२ नवप्रवर्तन पुरस्कार छनौट समितिद्धारा गठित ज्यूरी/मूल्यांकन तथा समीक्षा उपसमितिले देहायको मूल्यांकन मापदण्डका आधारमा प्रस्तावहरूको समीक्षा गरी सफल आवेदकहरूको छनोटमा अन्तिम निर्णय लिनेछ । विशेषतः अनुसन्धान र विकासमुखि सेटअप, प्रतिकृति / स्केलिङ / व्यवसायीकरण सम्भाव्यता / विकासको लागि व्यवहारिकता, गुणक प्रभाव, दीगो, माइक्रो-म्याक्रो आर्थिक मान थप, दीगो व्यापार मोडेल, अवधारणा देखि सफल कार्यान्वयनसम्म पुग्ने आधार, स्तरीय अपरेटिंग प्रक्रिया (स्टान्र्डड अपरेटिङ प्रोसेड्युर्स, SOP) का पक्षहरुलाई मूल्याकंनको समयमा विश्लेषण गरिनेछ ।

| | **मापदण्ड** | **अङ्क (%)** |
|---|---|---|
| **१.** | **अनुसन्धानको डिजाइन र सम्भाव्यता** | |
| १.१ | अवधारणा पत्र र अनुसन्धान प्रस्तावमा भएको जानकारी यस विषयको पूर्व ज्ञान नभएको व्यक्तिलाई समेत सो विषयको प्रासंगिकताको बारेमा थाहा हुनेगरी निर्णय लिन र सूचित गर्न सक्नेगरि अनुसन्धान प्रस्ताव लेखिएको | १० |
| १.२ | अनुसन्धान प्रस्तावमा स्पष्टता, आवश्यक्ता पहिचान, उद्देश्य प्राप्ति र अनुसन्धानका खोजहरुको अनुमानित प्रभावहरु पहिचान | १५ |
| १.३ | प्रस्तावित अनुसन्धान परिणात्मक वा गुणात्मक जे भएतापनि स्पष्ट रुपमा अनुसन्धान पद्वतिको प्रयोग भएको, अवधारणा देखि सफल कार्यान्वयनसम्म पुग्ने आधार | १० |
| १.४ | प्रस्ताव अंग्रेजी वा नेपालीमा लेखिएको र त्यसमा व्याकरणीय गल्तीहरूको लागि उचित जाँच भएको | १० |
| १.५ | प्रस्तावमा स्पष्ट र तार्किक समयरेखा भएको र यस प्रस्तावित अनुसन्धान कसरी समयमै सम्पन्न हुनेछ भन्ने बारे स्पष्ट रहेको | ५ |
| **२.** | **अपेक्षित परिणामको महत्व** | |
| २.१ | अनुसन्धानका नतीजाहरुलाई नीतिगत निर्णय, निर्माण र कार्यान्वयनमा प्रयोग गर्न सकिने प्रत्याभूति भएको | १५ |
| २.२ | नयाँ विचारहरु उत्पन्न गर्न वा स्थापित सोचहरुको पुनः परीक्षण गर्न प्रेरित गरेको | १० |
| २.३ | प्रस्तावको विषयसंग सम्बन्धित पूर्व प्रकाशित अनुसन्धान कार्यहरूको नतिजा पनि प्रयोग गर्न सकिने गरी प्रस्ताव डिजाइन गरिएको | ५ |
| **३.** | **अनुसन्धान / प्रोडक्ट** | |
| ३.१ | प्रतिकृति / स्केलिङ / व्यवसायीकरण सम्भाव्यता / विकासको लागि व्यवहारिकता, गुणक प्रभाव, | १० |
| ३.२ | दीगो, माइक्रो-म्याक्रो आर्थिक मान थप, दीगो व्यापार मोडेल, स्तरीय अपरेटिंग प्रक्रिया (स्टार्न्डड अपरेटिङ प्रोसेड्युर्स, SOP) | १० |
| | **जम्मा अंक** | **१००** |

७.३. दोस्रो चरणको मूल्यांकन प्रक्रियामा आवेदकहरूको लिखित प्रस्ताव तथा प्रस्तुतिकरण दुबै समाबेश गरी मूल्यांकन हुनेछ । आवेदकहरूले प्रस्तुतिकरणमा अनिवार्य रुपमा भाग लिनुपर्नेछ ।

७.४. प्राप्त आवेदनहरूमध्ये कुनैलाई स्वीकृत गर्ने नगर्ने तथा मूल्यांकन र समीक्षाको लागि प्रक्रिया अगाडि बढाउने सम्बन्धमा अन्तिम अधिकार नेपाल ईन्जिनियर्स एशोसिएसन बागमती प्रदेश कार्यकारिणी समितिलाई हुनेछ र त्यसको बिरुद्धमा कुनै पनि निकायमा उजुर गर्न पाइने छैन । मूल्यांकन र समीक्षा सम्बन्धमा नवप्रवर्तन पुरस्कार छनौट समितिको निर्णय अन्तिम हुनेछ ।

## ८. प्रतिलिपि अधिकार

स्वीकृत अनुसन्धानको परिणाम तथा संकलन गरिएका सूचनाहरुको प्रयोग वा प्रकाशन गर्ने अधिकार आवेदक वा अनुसन्धानकर्तासँगै हुनेछ । यसरी गरिने प्रकाशनहरुमा ने.ई.ए बागमती कार्यकारिणी समितिको सहयोगको श्रेय उल्लेख हुने अपेक्षा गरिन्छ ।

## ९. आचार संहिता

९.१ सफल उम्मेदवारहरुले काममा उच्च व्यवसायिकता प्रदर्शन गर्नुपर्नेछ ।

९.२. अप्रिय वा गैरजिम्मेवारपूर्ण व्यवहार भएको खण्डमा एशोसिएसनले आवेदकको कार्यक्रम खारेज गर्न सक्नेछ ।

९.३. कार्यक्रमको क्रममा एशोसिएसनबाट प्राप्त सहायता सबै प्रस्तुतीकरणहरु, लेखहरु, कागजातहरु तथा प्रकाशनहरुमा उल्लेख गर्नुपर्नेछ ।

९.४. कुनै पनि प्रकारको दुर्व्यवहारमा संलग्न आवेदकलाई कार्यक्रमको भावी संस्करणमा प्रस्ताव पेश गर्न समेत प्रतिवन्धित गरिनेछ ।

९.५. आचार संहिता सम्बन्धी अन्य बिषय नवप्रवर्तन पुरस्कार छनौट समितिले निर्धारण गर्नेछ र सो बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछ ।

## १०. नवप्रवर्तन पुरस्कार छनौट समिति

ने.ई.ए. बागमती **टेक्निकल कमिटी, रिसर्च एण्ड डेभलप्मेन्ट कमिटी, इन्फ्रास्ट्रक्चर प्लानिङ विजनेस कमिटी**को समन्वयमा ७ सदसीय नवप्रवर्तन पुरस्कार छनौट समिति गठन गरिएको छ जसले ज्यूरी /मूल्यांकन तथा समीक्षा उपसमिति गठन लगायतको सम्पूर्ण तयारी गर्नेछ ।

१. ई. नन्दलाल बन्जाडे - संयोजक
२. ई. सुरज गौतम - सदस्य सचिव
३. डा. नारायण चौलागाईं - सदस्य
४. ई. देउकाजी गूरुङ - सदस्य,
५. आ. वृन्दा श्रेष्ठ - सदस्य
६. ई. सरोज कार्की - सदस्य
७. ई. मदन खकुरेल - सदस्य

**<u>थप जानकारीका लागि सम्पर्क :</u>**

नेपाल ईन्जिनियर्स एशोसिएसन बागमती प्रदेश
सम्पर्क नं ९८५१२२९२८९, ९८५६०७७५६०, ९८५११२१९८३
इमेलः bagmati@neanepal.org.np, neabagmati@gmail.com

**प्रकाशित मितिः** २०७७/०३/१३